# सिन्धुली जिल्ला अदालतबाट जारी भएको

# सूचना

मितिः-२०७८।०३।२२

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको चुनौती अझै कायम रहेको र मिति २०७८।०३।२१ गते देखि मिति २०७८।०३।३१ गते सम्म जिल्ला प्रशासन कार्यालय सिन्धुलीवाट निषेधाज्ञा जारी भएको र पूर्ण रुपमा सार्बजनिक यातायात समेत संचालन नभएको सन्दर्भमा यस अदालतको मिति २०७८।०३।१५ मा प्रकाशित सूचना बमोजिमको काम कारवाहीलाई नै मिति २०७८ साल असार २३ गते देखी २०७८ साल असार ३१ सम्म निरन्तरता दिने गरी मिति २०७८।०३।२२ को निर्णय अनुसार सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

१. बन्दीप्रत्यक्षीकरणको निवेदनको सुनुवाई गर्ने ।

२. मुद्दा फिर्ता, मिलापत्र, तामेली र मुद्दा डिसमिस सम्बन्धी कार्य ।

३. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको वयान तथा थुनछेक कार्य गर्ने।

४. अभियोग दर्ता, बयान, थुनछेक आदेश, पक्राउ अनुमति र समर्थन, म्याद थप, CDR अनुमतिका कार्य नियमित रुपमा गर्ने ।

५. घरेलु हिंसा सम्बन्धी फिराद दर्ता र सुनुवाई गर्ने।

६. मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५ को सुविधा सम्बन्धी निवेदन दर्ता र सुनुवाई गर्ने ।

७. थुनुवा मुद्दाको सुनुवाई गर्ने कार्य।

८. विशेष प्रकृतिका निवेदन सम्बन्धी कार्य।

९. जिल्ला अदालतमा लाग्ने पुनरावेदन दर्ता तथा सुनुवाई गर्ने।

१०. सम्बन्ध विच्छेद मुद्दाको फिराद दर्ता गर्ने।

११. काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अबधि सम्मको मुद्दा, रिट तथा निषेधाज्ञाको हदम्याद, म्याद तथा तारेखहरु नगुज्रिने ।

१२. सेवा लिन आउने सेवाग्राही तथा कानून व्यवसायीहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई (सामाजिक दुरी कायम गर्ने, अनिवार्य माक्स लगाउने, सेनिटाईजर प्रयोग गर्ने) सेवा लिन आउनुहोला।

२०७८।३।२२

श्रेस्तेदार
उप-सचिव